# चिकित्सा शिक्षा आयोगका पदाधिकारीहरुको बिदा तथा भ्रमण सम्बन्धी कार्यविधि, २०७७

कार्यकारी समितिबाट स्वीकृत मिति: २०७७।१०।६

**पृष्ठभूमि:** नेपाल सरकार (मन्त्रिपरिषद्) को बैठक संख्या ४५।०७६ मिति २०७६।१०।१३ को बैठकबाट स्वीकृत "चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष र निर्देशकको पारिश्रमिक, सुविधा र सेवाका शर्तहरु" को क्रम संख्या ७ मा उलेखित बिदाहरु र क्रम संख्या ५ मा उल्लेखित भ्रमणको सम्बन्धमा तथा आयोगका सदस्य-सचिवको बिदा र भ्रमण आदेश स्वीकृति सम्बन्धमा कार्यविधि बनाई ब्यवस्थित गर्न वाञ्छनीय भएकोले आयोगको मिति २०७७।४।३० गतेको बैठकको प्रत्यायोजित अधिकार अन्तर्गत चिकित्सा शिक्षा आयोग, कार्यकारी समितिको २०७७।१०।६ गतेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

(१) यो कार्यविधिको नाम "चिकित्सा शिक्षा आयोगका पदाधिकारीहरुको बिदा तथा भ्रमणसम्बन्धी कार्यविधि, २०७७" रहेकोछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोग" भन्नाले "राष्ट्रिय चिकित्सा शिक्षा आयोग ऐन, २०७५" अनुसार स्थापना भएको "चिकित्सा शिक्षा आयोग" सम्झनुपर्छ ।

(ख) "कार्यकारी समिति" भन्नाले चिकित्सा शिक्षा आयोगको कार्यकारी समिति संझनुपर्छ ।

(ग) "उपाध्यक्ष" भन्नाले चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष संझनुपर्छ ।

(घ) "पदाधिकारी" भन्नाले चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष, निर्देशक र सदस्य-सचिव समेतलाई संझनुपर्छ ।

(ङ) "निर्देशक" भन्नाले चिकित्सा शिक्षा आयोगको निर्देशनालय वा बोर्डको निर्देशक सम्झनुपर्छ ।

(च) "सदस्य-सचिव" भन्नाले चिकित्सा शिक्षा आयोगको सदस्य-सचिव संझनुपर्छ ।

३. **उपाध्यक्ष र निर्देशकले पाउने बिदा:** नेपाल सरकार (मन्त्रिपरिषद्) बाट भएको निर्णय अनुसार उपाध्यक्ष र निर्देशकले पारिश्रमिक सहितको देहाय अनुसारका बिदाहरु पाउनेछन्,-

(क) **भैपरी आउने बिदा र पर्व बिदा:**

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

(१) उपाध्यक्ष र निर्देशकले प्रत्येक बर्ष भैपरी आउने बिदा ६ दिन र पर्व बिदा ६ दिन लिन पाउनेछन् ।

(२) प्रत्येक बर्षको भैपरी आउने बिदा र पर्व बिदा सोही बर्षभित्र मात्र लिन पाइनेछ ।

(३) खर्च नभएको भैपरी आउने बिदा र पर्व बिदा संचित गरी राख्न पाईनेछैन् ।

**(ख) <u>घर बिदा:</u>**

(१) उपाध्यक्ष र निर्देशकले प्रत्येक बर्ष ३० दिनसम्म घर बिदा पाउन सक्नेछन् ।

(२) खर्च नभएको प्रत्येक बर्षको घर बिदा संचित गरी राख्न सकिनेछ ।

(३) उपाध्यक्ष र निर्देशक जुनसुकै कारणले आफ्नो पदमा बहाल नरहेमा संचित रहेको घर बिदा बापत निजको पदाधिकार रहेको पदबाट खाईपाई आएको पारिश्रमिकको दरले हुनआउने रकम एकमुष्टरुपमा लिन पाउनेछन् ।

**(ग) <u>बिरामीबिदा:</u>**

(१) उपाध्यक्ष र निर्देशकले प्रत्येक बर्ष १२ दिनसम्म बिरामी बिदा पाउन सक्नेछन् ।

(२) खर्च नभएको बिरामी बिदा संचित गरी राख्न सकिनेछ ।

(३) उपाध्यक्ष र निर्देशक जुनसुकै कारणले आफ्नो पदमा बहाल नरहेमा संचित रहेको बिरामी बिदा बापत निजको पदाधिकार रहेको पदबाट खाईपाई आएको पारिश्रमिकको दरले हुनआउने रकम एकमुष्टरुपमा लिन पाउनेछन् ।

(घ) **<u>किरिया बिदा:</u>** उपाध्यक्ष तथा निर्देशकले आफैं किरिया बस्नु परेमा कुलधर्म हेरी बढीमा १५ दिनसम्मको किरिया बिदा पाउन सक्नेछन् ।

(ङ) **<u>प्रसुति बिदा:</u>** महिला उपाध्यक्ष तथा महिला निर्देशक गर्भवति भएमा प्रसुतीको अघि र पछि गरी जम्मा ६० दिनसम्मको प्रसुति बिदा एकपटक पाउन सक्नेछन् ।

४. **<u>बिदा दिने अधिकारी:</u>** देहाय अनुसारका बिदा देहाय अनुसारका पदाधिकारी वा समितिबाट स्विकृत गराउनु पर्नेछ ।

(क) उपाध्यक्षले आफ्नो भैपरी आउने बिदा, पर्व बिदा र ७ दिनसम्मको घर बिदा आफैंले स्वीकृत गरी लिन सक्नेछन् ।

(ख) उपाध्यक्षले भैपरी आउने बिदा, पर्व बिदा र ७ दिनसम्मको घर बिदा बाहेकका अन्य बिदाहरु कार्यकारी समितिबाट स्वीकृत गाराउनु पर्नेछ ।

(ग) निर्देशक र सदस्य-सचिवले पाउने सबै बिदाहरु उपाध्यक्षवाट स्वीकृत गराउनु पर्नेछ ।

प्रा. ... कृष्ण गिरी
उपाध्यक्ष

(घ) निर्देशक र सदस्य-सचिवले भैपरी आउने बिदा र पर्व बिदा उपाध्यक्षसंग मौखिक अनुरोध गरेको आधारमा पनि लिन सक्नेछन् ।

५. **<u>दैनिक तथा भ्रमण भत्ता:</u>** दैनिक तथा भ्रमण भत्ता सम्बन्धी ब्यबस्था देहाय अनुसार हुनेछ ।

(क) नेपाल सरकार (मन्त्रिपरिषद्) बाट भएको निर्णय अनुसार उपाध्यक्ष वा निर्देशकलाई आफ्नो ओहदा सम्बन्धी काममा नेपाल भित्र वा नेपाल बाहिर भ्रमण गर्दा "भ्रमण खर्च नियमावली, २०६४" बमोजिम बिशिष्ट तहले पाउने दैनिक भ्रमण भत्ता तथा बासखर्च उपलब्ध गराईनेछ ।

(ख) उपाध्यक्षले आफ्नो ओहदा सम्बन्धी काममा नेपाल भित्र भ्रमण गर्दा आफैंले भ्रमण आदेश स्वीकृत गरी भ्रमण गर्न सक्नेछन् ।

(ग) उपाध्यक्षले आफ्नो ओहदा सम्बन्धी काममा नेपाल बाहिर भ्रमण गर्दा कार्यकारी समितिबाट भ्रमण आदेश स्वीकृत गराई भ्रमण गर्नुपर्नेछ ।

(घ) निर्देशक र सदस्य-सचिवले आफ्नो ओहदा सम्बन्धी काममा नेपाल भित्र र नेपाल बाहिर भ्रमण गर्दा उपाध्यक्षबाट भ्रमण आदेश स्वीकृत गराई भ्रमण गर्नुपर्नेछ ।

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष